Customs Protecting Society through Vigilance and Commitment

भन्सार बुलेटिन
Customs Bulletin

वर्ष १८ अंक १ | २०८२ माघ-२०८३ असार | Jan 2026-Jul 2026

महानिर्देशकको कलमबाट

पारदर्शी र उत्तरदायी प्रशासनको मूल मर्मलाई आत्मसात् गर्दै भन्सार विभागले आफ्ना गतिविधिहरूलाई बुलेटिनमार्फत नियमित रूपमा सार्वजनिक गर्दै आएको छ । भन्सार प्रशासन र आम नागरिक तथा व्यापारिक समुदायबीचको सम्बन्धलाई थप प्रगाढ र विश्वासिलो बनाउन यस बुलेटिनले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भन्नेमा मेरो पूर्ण विश्वास रहेको छ ।

राजस्व संकलन, अन्तर्राष्ट्रिय व्यापार सहजीकरण, सीमा सुरक्षा र जनस्वास्थ्य तथा समाजको संरक्षणमा भन्सार प्रशासनको भूमिका अत्यन्तै संवेदनशील र महत्वपूर्ण छ । बदलिँदो विश्व परिवेश, प्रविधिको द्रुत विकास र अन्तर्राष्ट्रिय व्यापारमा आएका नवीन आयामहरूलाई सम्बोधन गर्न हामीले हालै सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजना कार्यान्वयनमा ल्याएका छौं। अघिल्ला सुधार योजनाहरूले तयार गरेको मजबुत जगमा उभिएर ल्याइएको यस सातौं योजनाले मुख्यतया पूर्ण रूपमा स्वचालित र कागजविहीन (Paperless) भन्सार प्रणालीको विकास, सूचना तथा तथ्याङ्कमा आधारित जोखिम व्यवस्थापन प्रणालीको

(बाँकी पृष्ठ २ मा)

यस भित्र

- सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजना तर्जुमा ३
- किटानी विवरण घोषणा सम्बन्धी मार्गदर्शन कार्यान्वयन ४
- आर्थिक ऐन, २०८३ मार्फत भन्सार सम्बद्ध कानुनमा भएका संशोधन ८
- आ.व. २०८२/८३ को आयात/निर्यात तथा राजस्व सङ्कलनको अवस्था १४

अन्य समसामयिक गतिविधिहरु

भन्सार विभागबाट आर्थिक वर्ष २०८२/८३ मा सम्पादन भएका मुख्य मुख्य कामको विवरण

क. परिमाण खुलाउन सकिने कामहरूको विवरण

सि.नं.	सम्पादित प्रमुख कामहरू	आ.व. २०८२/८३ को प्रगति
१.	राजस्व सङ्कलन (रु. अर्बमा)	५१५.५७
२.	भन्सार एजेन्ट इजाजत पत्र नवीकरण	३४२
३.	भन्सार एजेन्ट खारेजी	२६
४.	वण्डेड वेयर हाउसको इजाजत पत्र नवीकरण	१४४
५.	वण्डेड वेयर हाउसको नयाँ इजाजत पत्र वितरण	१५
६.	उजुरी सम्बन्धी कारबाही (फछ्र्यौट)	१९
७.	सवारी साधनहरूको महसुल असुल गर्न भन्सार कार्यालयहरूलाई पत्र पठाइएको	९३
८.	वस्तु वर्गीकरण निर्णय	३५
९.	वस्तु वर्गीकरण पुनरावलोकन	१६२
१०.	कूटनैतिक सुविधा	९८२
११.	महसुल सुविधा प्रदान गरिएको सङ्ख्या	३४१
१२.	आयोजना अन्य छुट	७७६
१३.	अर्थ मन्त्रालयबाट महसुल ऐन, २०८१ र आर्थिक ऐनको दफा १८ बमोजिम भएका छुट विवरण	१४०
१४.	केन्द्रीय जोखिम व्यवस्थापन समितिको बैठक सङ्ख्या	६
१५.	केन्द्रीय जोखिम व्यवस्थापन इकाईको बैठक सङ्ख्या	२०

फोन: ५९१७२२२, ५९१७२२३, ५९१७२२१ E-mail: csd@customs.gov.np Web : www.customs.gov.np

भन्सार बुलेटिन
Customs Bulletin

प्रकाशक
भन्सार विभाग
त्रिपुरेश्वर , काठमाडौं
फोन नं : ५९१७२२३
Email : csd@customs.gov.np
Website : www.customs.gov.np

संरक्षक
यमलाल भूसाल, महानिर्देशक

सल्लाहकार
टंकनाथ लम्साल, उपमहानिर्देशक
प्रेमप्रसाद आचार्य, उपमहानिर्देशक

सम्पादन समूह
ज्ञानेन्द्रराज ढकाल, निर्देशक
गणेश प्रसाद अर्याल, निर्देशक
किशोर बर्तौला, निर्देशक

सहयोगी
रमेश सुकमनी, शाखा अधिकृत
युजिन चापागाई, शाखा अधिकृत
आनन्द घिमिरे, नायब सुब्बा
गिरेन्द प्रसाद यादव, नायब सुब्बा

पृष्ठ १ बाट क्रमश: महानिर्देशकको कलमबाट

कार्यान्वयन, व्यापारको प्रतिस्पर्धाकतामा अभिवृद्धि र अनौपचारिक व्यापार नियन्त्रणलाई आफ्नो प्रमुख लक्ष्य बनाएको छ।

यसका साथै, यस नयाँ सुधार योजनाले भन्सार जाँचपास प्रक्रियालाई अनुमानयोग्य बनाउने, अन्तर्राष्ट्रिय व्यापारको लागत र समय घटाउने, तथा कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्दै समग्र भन्सार प्रशासनलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको उत्कृष्ट संस्थाको रूपमा स्थापित गर्ने परिकल्पना गरेको छ। हामी परम्परागत, भौतिक र नियन्त्रणमुखी प्रणालीबाट माथि उठेर प्रविधिमा आधारित, तथ्यांक-निर्देशित र सहजीकरणमुखी प्रणालीमा रूपान्तरण भइरहेका छौं। यो समग्र रूपान्तरणले वैध व्यापारलाई अधिकतम प्रोत्साहन गर्नेछ भने अवैध व्यापार र भन्सार चुहावटलाई निरुत्साहित गर्न अत्यन्तै प्रभावकारी भूमिका खेल्ने विश्वास लिएको छु।

भन्सार कानुन र कार्यविधिमा भएका नवीनतम व्यवस्थाहरू, भन्सार सम्बन्धी तथ्यांकको जानकारी तथा भन्सारले गरेका विभिन्न कार्यहरूको विषयमा सम्पूर्ण सरोकारवालाहरूलाई सुसूचित गर्न यो भन्सार बुलेटिन अत्यन्त उपयोगी सामग्री बन्नेछ भन्ने आशा राखेको छु।

अन्त्यमा, भन्सार प्रशासनको आधुनिकीकरण र राष्ट्र निर्माणको लक्ष्य प्राप्तिमा निरन्तर सहयोग पुर्‍याउने सम्पूर्ण व्यवसायी, सरोकारवाला निकायहरू तथा अहोरात्र खटिने सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरूलाई म हार्दिक धन्यवाद ज्ञापन गर्दछु। यस बुलेटिनलाई आगामी दिनमा थप परिष्कृत, तथ्यपरक र पठनीय बनाउन यहाँहरूको रचनात्मक सुझाव र सल्लाहको हामी सदैव अपेक्षा गर्दछौं।

धन्यवाद !

पृष्ठ १ बाट क्रमशः भन्सार विभागबाट...........

१६.	भन्सार जाँचपास पछिको परीक्षण सङ्ख्या	३४८
१७.	भन्सार जाँचपास पछिको परीक्षणबाट निर्धारण भएको राजस्व रकम (रु हजारमा)	४०११९७
१८.	वस्तुहरूको प्रयोगशाला परीक्षण सङ्ख्या	६०७
१९.	WAN शाखाको प्रत्यक्ष अनुगमनबाट प्राप्त रकम (रु. लाखमा)	६४६०
२०	भन्सार जाँचपास प्रक्रियाको छड्के परीक्षण	५
२०.	Exim Code नयाँ दर्ता	४३१६
२१.	Exim Code नवीकरण	५१६४८

ख. अन्य कामको विवरणः

१. भन्सार व्यवस्थापन गोष्ठी सम्पन्न गरिएको,

२. भन्सार महसुल दरबन्दी २०८२।८३ पुस्तक प्रकाशन गरिएको,

३. एकीकृत भन्सार महशुल दरबन्दी २०८२।८३ पुस्तक प्रकाशन गरिएको,

४. जोखिमको आधारमा तथ्याङ्क समेत विश्लेषण गरी विभिन्न मालवस्तु तथा फर्महरूलाई जोखिम ब्यवस्थापन समितिको निर्णय बमोजिम छनौट प्रणालीमा अद्यावधिक गरिएको,

५. प्रत्येक महिना Pending घोषणा(SAD) को परीक्षण गरी फर-फारक गराउने कार्य भइरहेको,

६. भन्सार सम्बद्ध सम्पति शुद्धिकरण कसूर सम्बन्धी अनुसन्धान कार्यविधि, २०८२ तर्जुमा गरिएको,

७. आधिकारिक व्यवसायिक व्यक्ति/ट्रस्टेड ट्रेडर्स सम्बन्धी कार्यविधि, २०८२ तर्जुमा गरिएको,

८. जाँचपास भएको वस्तुको पुनः जाँच तथा अनुसन्धान कार्यविधि, २०८२ तर्जुमा गरिएको,

९. Nepal Customs Compliance Improvement Strategy तयार गरी कार्यान्वयनमा ल्याइएको,

१०. विश्व भन्सार संगठन, अन्तराष्ट्रिय मुद्रा कोष, एशियाली विकास बैंक लगायतका अन्तर्राष्ट्रिय दातृ संघ-संस्था तथा निकायसँग निरन्तर समन्वय एवम् पत्राचार गरिएको,

११. आशिकुडा प्रणालीको Detailed Declaration र Valuation Declaration मा Risk Recommendation (CRMS Module) देखिने व्यवस्था सबै भन्सार कार्यालयहरूमा लागु गरिएको,

१२. विरगञ्ज, गौर, सर्लाही, जलेश्वर, जनकपुर, सिराहा, ठाँडी, राजविराज, सुनसरी र विराटनगर भन्सार कार्यालयमा भन्सार मूल्याँकन डाटावेस प्रणाली सम्बन्धी डेस्क प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको,

१३. मिति २०८२ चैत्र १०-१२ सम्म फिलिपिन्सको मनिलामा भन्सार विभागका महानिर्देशकज्यूको अध्यक्षतामा सम्पन्न Inter–Sessional Meeting of SASEC Customs Officials मा सहभागी भएको,

१४. NNSW प्रणालीमा Temporary Import of Vehicle (TIV) Module विकास गरी २०८३/०१/१६ बाट लागु गरिएको,

१५. वस्तु वर्गिकरण निर्णय संग्रह, २०८३ प्रकाशन गरिएको,

१६. सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजना तर्जुमा गरिएको,

१७. वीरगञ्ज र नेपालगञ्ज भन्सार कार्यालयमा Time Release Study (TRS) सम्पन्न गरिएको,

१८. भन्सार मूल्यांकन डाटावेश प्रणालीमा अन्तराष्ट्रिय बजार मूल्य समेत हेर्न मिल्ने गरी मिति २०८३/०२/११ बाट सुरुवात गरिएको,

१९. राजस्व छुटको प्रभाव अध्ययन प्रतिवेदन २०८३ तयार गरी अर्थ मन्त्रालयमा पेश गरिएको,

२०. किटानी विवरण घोषणा सम्बन्धी मार्गदर्शन, २०८३ कार्यान्वयनमा ल्याइएको,

२१. भन्सार नियमावली, २०८३ कार्यान्वयनमा ल्याईएको,

२२. Declarant Module कार्यान्वयनमा ल्याईएको,

२३. UNODC सँगको सहकार्यमा विभिन्न तालिम कार्यक्रम सञ्चालन गरिएको।

सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजना (CRMP) तर्जुमा

नेपालको भन्सार प्रशासनलाई थप सुदृढ, प्रविधिमैत्री र अन्तर्राष्ट्रिय स्तर को बनाउने उद्देश्यका साथ भन्सार विभागले सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजना (CRMP) २०८३/८४-२०८७/८८ लाई अन्तिम रूप दिएको छ। भन्सार विभागले तयार गरेको यो योजना अर्थ मन्त्रालय (मा. मन्त्रीस्तर) बाट मिति २०८३/०३/३१ मा स्वीकृत भईसकेको छ। यस योजनाले नेपालको वैदेशिक व्यापार सहजीकरण, राजस्व व्यवस्थापन तथा भन्सारको नियन्त्रण क्षमतामा महत्वपूर्ण परिवर्तन ल्याउने अपेक्षा गरिएको छ।

यस योजना तर्जुमाका लागि महानिर्देशकको संयोजकत्वमा एउटा उच्चस्तरीय निर्देशन समिति गठन गरिएको थियो। साथै, भन्सार सुधार तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखाका निर्देशकको संयोजकत्वमा एक प्राविधिक कार्यटोलीले योजनाको मस्यौदा तयार गर्न सक्रियताका साथ कार्य गरेको थियो। यस प्रक्रियामा एसियाली विकास बैंकको विज्ञबाट

फोनः ५९१७२२२, ५९१७२२३, ५९१७२२१ E-mail: csd@customs.gov.np Web : www.customs.gov.np

प्राविधिक सहयोग प्राप्त भएको थियो । योजनालाई थप व्यावहारिक र सान्दर्भिक बनाउन नीजि क्षेत्र, विषय विज्ञहरू, र विभागका सबै शाखाहरूसँग समय-समयमा विस्तृत छलफल र अन्तर्क्रिया गरी सुझावहरू लिइएको थियो ।

योजनाको प्रारम्भिक मस्यौदा तयार भए पश्चात, यसमा थप सुधारका लागि कर्मचारी र नीजि क्षेत्रका सरोकारवालाहरूसँग विभिन्न प्रमुख भन्सार कार्यालयहरूमा छलफल आयोजना गरिएको थियो, जसमा वीरगञ्ज भन्सार कार्यालय, भैरहवा भन्सार कार्यालय, तातोपानी भन्सार कार्यालय र विराटनगर भन्सार कार्यालय समावेश थिए। विभागका सबै शाखाहरू सँग समेत मस्यौदा उपर विस्तृत छलफल गरिएको थियो । भन्सार सुधार योजनामा थप सुझाव सङ्कलन गर्न सरोकारवालाहरूसँग मिति २०८३ असार ०४ गते एक विशेष Brainstorming Workshop समेत सञ्चाल गरिएको थियो । योजनालाई अन्तिम रुप प्रदान गर्न मिति २०८३ असार २६ देखि २८ गतेसम्म Validation Workshop सफलतापूर्वक सम्पन्न गरिएको थियो ।

यस सातौं योजनाको मूल भिजन (Vision) "अन्तर्राष्ट्रिय व्यापार लाई सहज र सुरक्षित बनाउँदै राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ गर्न योगदान पुऱ्याउने अग्रणी भन्सार प्रशासन" बन्नु रहेको छ । यस भिजनलाई साकार पार्न, विभागले आफ्नो मिसन (Mission) को रूपमा "सूचनामा आधारित जोखिम व्यवस्थापनका आधारमा वैदेशिक व्यापार तथा यात्रु आवागमनमा पेपरलेस, फेसलेस र कन्ट्याक्टलेस सेवालाई प्रवर्द्धन गर्ने" लक्ष्य राखेको छ । योजना कार्यान्वयनमा निष्ठता, सदाचारिता, सेवा उत्कृष्टता, व्यावसायिक दक्षता, नवप्रवर्तन, पारदर्शिता, पारस्परिक सम्मान तथा शिष्टाचार जस्ता मूल्य मान्यताहरू (Values) लाई आत्मसाथ गरिनेछ।

सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजनामा ५ मुख्य आधारस्तम्भ (Pillars), १० रणनीति (Strategies), ३१ उद्देश्य, ८० क्रियाकलाप र ३६९ कार्यहरू रहेका छन्। पहिलो आधारस्तम्भ व्यापार सहजीकरण अन्तर्गत ३ रणनीति, ९ उद्देश्य, २५ क्रियाकलाप र १०६ कार्यहरू, दोस्रो आधारस्तम्भ राजस्व व्यवस्थापन अन्तर्गत १ रणनीति, ४ उद्देश्य, ८ क्रियाकलाप र ४६ कार्यहरू, तेस्रो आधारस्तम्भ नियन्त्रण तथा समाजको संरक्षण अन्तर्गत ४ रणनीति, ९ उद्देश्य, २३ क्रियाकलाप र ९६ कार्यहरू, चौथो आधारस्तम्भ भन्सार स्वचालन तथा नवप्रवर्तन अन्तर्गत १ रणनीति, ४ उद्देश्य, १० क्रियाकलाप र ५२ कार्यहरू तथा पाँचौं आधारस्तम्भ संस्थागत विकास अन्तर्गत १ रणनीति, ४ उद्देश्य, १५ क्रियाकलाप र ६९ कार्यहरू निर्धारण गरिएका छन् ।

यस योजनाले सन् २०३१ सम्मका लागि विभिन्न प्रमुख लक्ष्यहरू निर्धारण गरेको छ, जसमा WTO TFA अनुपालन ३९.१ प्रतिशतबाट बढाएर ९० प्रतिशत पुऱ्याउने, मूल्यको आधारमा भौतिक परीक्षण दर ३७.३ प्रतिशतबाट घटाएर २० प्रतिशतमा सीमित गर्ने, TBML मुद्दा अभियोजन संख्या प्रतिवर्ष २+ पुऱ्याउने र पैठारीमा समेत १०० प्रतिशत कागजरहित भन्सार प्रणाली लागू गर्ने लगायतका लक्ष्यहरू समावेश छन् ।

यसका अतिरिक्त, योजनाले भन्सार प्रशासनमा ४ वटा मुख्य रुपान्तरणकारी परिवर्तनको अपेक्षा गरेको छ - डिजिटल रूपान्तरण (कागजरहित र फेसलेस), सूचनामा आधारित जोखिम व्यवस्थापन (AI र डेटा आधारित), व्यापार प्रतिस्पर्धात्मकता अभिवृद्धि (निर्यात प्रवर्द्धन), र अनौपचारिक व्यापार नियन्त्रण (सुदृढ सीमा व्यवस्थापन) ।



योजनाको प्रभावकारी अनुगमन र कार्यान्वयनका लागि भन्सार विभागका महानिर्देशकको संयोजकत्वमा अन्तर निकाय निर्देशन समिति र भन्सार सुधार हेर्ने उपमहानिर्देशकको संयोजकत्वमा समन्वय तथा कार्यान्वयन समितिको व्यवस्था गरिएको छ । साथै, अनुगमन प्रक्रियालाई व्यवस्थित बनाउन आधुनिक वेवमा आधारित अनुगमन प्रणाली पनि कार्यान्वयन गरिनेछ । यस सातौं भन्सार सुधार तथा आधुनिकीकरण योजना कार्यान्वयनका लागि अनुमानित लागत करिब रु ७०० करोड ५६ लाख रहेको छ ।

वीरगञ्ज र नेपालगञ्ज भन्सार कार्यालयमा Time Release Study (TRS) सम्पन्न

भन्सार विभागले वैदेशिक व्यापार सहजीकरण तथा भन्सार जाँचपास प्रक्रियामा लाग्ने वास्तविक समय मापन गर्न वीरगञ्ज र नेपालगञ्ज भन्सार कार्यालयमा Time Release Study - TRS सम्पन्न गरेको छ। यस अध्ययनलाई व्यवस्थित रूपमा अगाडि बढाउन भन्सार सुधार तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखाका निर्देशकको संयोजकत्वमा एक विभागीय कार्यदल गठन गरिएको थियो । यसका साथै, कार्यालयस्तर को समन्वयलाई प्रभावकारी बनाउन सम्बन्धित कार्यालय प्रमुखको संयोजकत्वमा वीरगञ्ज तथा नेपालगञ्ज भन्सार कार्यालयमा छुट्टाछुट्टै स्थानीय कार्यदलहरू गठन गरिएका थिए। यस समग्र अध्ययन प्रक्रियामा एसियाली विकास बैंक (ADB) बाट लजिष्टिक सहायता प्राप्त भएको थियो ।

अध्ययनलाई वैज्ञानिक र त्रुटिरहित बनाउने उद्देश्यले विभागले

फोन: ५९१७२२२, ५९१७२२३, ५९१७२२१ E-mail: csd@customs.gov.np Web : www.customs.gov.np

सुरुवातमा दुवै भन्सार कार्यालयहरूमा Environmental Scanning तथा Test run सम्पन्न गरेको थियो । उक्त पूर्वतयारी पश्चात, मिति २०८२ चैत २० गते विश्व भन्सार संगठन (WCO) तथा CCF Korea को प्राविधिक सहयोगमा WCO ROCB A/P का प्रमुख Jun Tajima र WCO को Accredited Expert को सहभागितामा TRS सम्बन्धी एक दिने विशेष कार्यशाला सफलतापूर्वक सम्पन्न गरिएको थियो । सो कार्यशाला लगत्तै मिति २०८२ चैत २२ गतेदेखि २८ गतेसम्म वीरगञ्ज भन्सार कार्यालयमा TRS Actual Survey सम्पन्न गरिएको थियो । नेपालगञ्ज भन्सार कार्यालयमा भने मिति २०८३ वैशाख २७ गते देखि जेठ ०२ गतेसम्म TRS Actual Survey सम्पन्न गरिएको थियो ।

यस Survey बाट प्राप्त तथ्याङ्कहरूको विश्लेषण गरी तयार पारिएको प्रतिवेदनले आयात र निर्यात जाँचपासमा लाग्ने औसत समय (Mean Time) को यथार्थ चित्र प्रस्तुत गरेको छ। प्रतिवेदन अनुसार आयाततर्फ मालवस्तु भन्सार कार्यालयमा आगमन भएदेखि जाँचपास भई अन्तिम रूपमा बाहिरिँदासम्म (Arrival to Exit) वीरगञ्ज ICP (BRJ०३) मा औसत १९ घण्टा ३६ मिनेट, वीरगञ्ज ICD (BRJ०६) मा ६ दिन १८ घण्टा ३७ मिनेट र नेपालगञ्ज ICP (NPJ०३) मा १४ घण्टा १० मिनेट लाग्ने गरेको पाइएको छ । यस मध्ये भन्सारमा लागेको समय (प्रज्ञापनपत्रमा लेन लागे देखि प्रज्ञापनपत्रलाई Re–Route to Green गर्दा लागेको समय) वीरगञ्ज ICP (BRJ०३) मा औसत २ घण्टा १२ मिनेट, वीरगञ्ज ICD (BRJ०६) मा ३ घण्टा २४ मिनेट र नेपालगञ्ज ICP (NPJ०३) मा १ घण्टा ५० मिनेट लाग्ने गरेको पाइएको छ ।

त्यसैगरी, निर्याततर्फ मालवस्तुको आगमनदेखि बाहिरिँदासम्मको कुल औसत समय वीरगञ्ज ICP मा १५ घण्टा ३० मिनेट, वीरगञ्ज ICD मा ४ दिन ३ घण्टा ४० मिनेट र नेपालगञ्ज ICPमा १३ घण्टा ३ मिनेट लाग्ने गरेको अध्ययनले देखाएको छ। यस मध्ये रातो लेनमा भएका प्रज्ञापनपत्रहरूको भन्सारमा लागेको समय (प्रज्ञापनपत्रमा लेन लागे देखि प्रज्ञापनपत्रलाई Re–Route to Green गर्दा लागेको समय) वीरगञ्ज ICP (BRJ०३) मा औसत २ घण्टा ४१ मिनेट र नेपालगञ्ज ICP (NPJ०३) मा ३१ मिनेट रहेको छ। वीरगञ्ज ICD (BRJ०६) मा सर्भेको समयमा कुनै पनि निर्यातका प्रज्ञापनपत्र रातो मार्गबाट जाँचपास भएनन् ।

यस अध्ययनले भन्सार प्रक्रियाका विभिन्न चरणहरूमा लाग्ने समयको सुक्ष्म पहिचान गर्दै आगामी दिनमा भन्सार सेवालाई थप छरितो, पारदर्शी र व्यापारमैत्री बनाउन महत्वपूर्ण विभिन्न सुझावहरू समेत प्रदान गरेको छ भने उल्लेखित सुझावहरूलाई विभागले कार्यान्वयनमा समेत लगिसकेको छ ।

वीरगञ्ज भन्सारमा टोकन प्रणालीको सुरुवातः सेवा प्रवाहमा नयाँ युग र सुशासनको प्रत्याभूति

वीरगञ्ज भन्सार कार्यालयको यात्रु शाखाले आफ्नो सेवा प्रवाहलाई चुस्त, दुरुस्त र प्रविधिमैत्री बनाउने उद्देश्यले एक महत्वपूर्ण कदम चालेको छ । कार्यालयले २०८३ असार २० गतेदेखि यात्रु शाखामा पूर्ण रूपमा टोकन प्रणाली लागू गरेको छ। यस प्रविधिको सुरुवातसँगै भन्सार प्रशासनले सेवा प्रवाहमा एक नयाँ अध्यायको थालनी गर्नुका साथै सेवाग्राहीलाई झन्झटमुक्त सेवा प्रदान गर्ने दिशामा ऐतिहासिक सफलता हासिल गरेको छ ।

लामो समयदेखि यात्रुहरूको चाप र अव्यवस्थित सेवा प्रवाहका कारण आलोचना खेप्दै आएको वीरगञ्ज भन्सारले टोकन प्रणालीको माध्यमबाट भिड व्यवस्थापनमा सफलता प्राप्त गरेको छ । यसअघि भन्सार परिसरमा सेवा लिन आउने यात्रुहरूले लाइनमा बस्नुपर्ने र कसले पहिले सेवा पाउने भन्ने अन्योलले गर्दा कर्मचारी र सेवाग्राहीबीच बेला-बेलामा विवादसमेत हुने गरेको थियो । तर, २०८३ असार २० गते देखि लागू भएको यो प्रणालीले सेवाग्राहीको पालो पर्खिने समयको स्पष्ट मापदण्ड निर्धारण गरेको छ । यस प्रणाली "समान सेवा, समान अवसर" को सिद्धान्तमा आधारित रहेको छ ।

यस प्रणालीको प्रयोग पश्चात सेवाग्राहीहरूले कार्यालय प्रवेश गर्ने बित्तिकै आफ्ना कार्यका प्रकृति अनुसार–जस्तै सुविधा पास (Daily–Pass), अस्थायी पैठारी (TIV), र व्यक्तिगत प्रयोजनका लागि ल्याइएको सामान (PEI)–छुट्टाछुट्टै टोकन लिन सक्छन् । यसले 'पहुँच र प्रभाव' को आधारमा सेवा लिने परम्परागत शैलीको अन्त्य गरिदिएको छ । यसले सेवाग्राहीहरूमा भन्सार प्रशासनप्रति विश्वास बढाएको छ भने भन्सारमा हुने विचौलियाहरूको चलखेललाई समेत पूर्ण रूपमा

फोनः ५९१७२२२, ५९१७२२३, ५९१७२२१ E-mail: csd@customs.gov.np Web : www.customs.gov.np

सेवा प्रवाहमा सहजताको दृष्टिकोणले हेर्ने हो भने, टोकन प्रणालीले भन्सार कर्मचारीको कार्यक्षमतामा पनि सकारात्मक परिवर्तन ल्याएको छ। कर्मचारीहरू अब भीड नियन्त्रणमा भन्दा पनि कामको फछ्र्यौट र कागजातको सूक्ष्म परीक्षणमा बढी केन्द्रित भई त्रुटिरहित सेवा प्रदान गर्नेछ। अर्कोतर्फ, भन्सार प्रशासनलाई दैनिक रूपमा कति सेवाग्राही कुन विशेष कार्यका लागि आएका थिए र कुन काउन्टरमा कति चाप छ भन्ने वास्तविक समयको (Real–time) डेटा प्राप्त हुने गर्दछ। यो डेटा भन्सार सुधारको आगामी रणनीति तय गर्नका लागि एउटा कोसेढुङ्गा साबित भएको छ।

सुशासन र पारदर्शिताको दृष्टिले पनि यो प्रणाली निकै प्रभावकारी देखिएको छ। सेवाग्राहीले आफ्नो पालो कहिले आउँछ भन्ने कुरा स्पष्ट रूपमा देख्न र सुन्न सक्ने हुँदा कार्यालयको कार्यशैली थप पारदर्शी बनेको छ। कार्यालय प्रशासनलाई टोकन प्रणालीमार्फत प्राप्त भएको तथ्याङ्कको आधारमा कुन समयमा बढी भीड हुन्छ र कुन समयमा कर्मचारी थप गर्नुपर्छ भन्ने जस्ता रणनीतिक निर्णय लिन सहयोग पुगेको छ। यसबाट भन्सारको कार्यसम्पादन सूचकाङ्क (Performance Index) मा समेत सुधार आएको छ।

यात्रुहरूको सन्तुष्टि र कर्मचारीको कार्यदक्षता दुवैलाई समान प्राथमिकतामा राखेर गरिएको यो प्रयासले समग्र भन्सार प्रशासनको गरिमा उच्च बनाउने अपेक्षा गरिएको छ।

किटानी विवरण घोषणा सम्बन्धी मार्गदर्शन, २०८३ कार्यान्वयन

भन्सार विभागले २०८३ वैशाख १४ गते किटानी विवरण घोषणा सम्बन्धी मार्गदर्शन, २०८३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। सो मार्गदर्शनमा ब्राण्ड, मोडल, साइजको परिभाषा, स्पष्ट घोषणा तथा HS Code अनुसार किटानी विवरणको उदाहरण सहित समावेश गरिएको छ। भन्सार मूल्य निर्धारण गर्ने सन्दर्भमा भन्सार कार्यालयहरूमा प्रविष्टी गरिएका प्रज्ञापनपत्रहरूमा किटानी घोषणा भए तापनी किटानी घोषणाको मापदण्ड नभएको खण्डमा समान मालवस्तुको समान किसिमको घोषणा नभई विभिन्न किसिमका घोषणाहरू हुने गरेको देखिएको थियो। यसले भन्सार मूल्याङ्कन डाटावेश प्रणालीले विश्लेषण गर्ने मूल्याङ्कनको तथ्याङ्क सहि नहुने र मूल्य निर्धारणमा द्विविधा सृजना हुने अवस्था समेत रहेको थियो। अतः भन्सार मूल्याङ्कनलाई थप परिष्कृत तथा यथार्थपरक बनाउन भन्सार मूल्याङ्कन डाटावेश प्रणालीको अभिन्न अङ्गको रुपमा रहेको किटानी घोषणाको मापदण्ड बनाई भन्सार मूल्याङ्कन डाटावेश प्रणालीलाई सामयिक हिसावले परिमार्जन गर्न विभागले सो मार्गदर्शन बनाई कार्यान्वयनमा ल्याएको हो।

यो मार्गदर्शन तयार गर्ने क्रममाः भन्सार विभागले २०८२ चैत ४ देखि ७ गते सम्म भन्सार विभागका महानिर्देशक, उपमहानिर्देशक, निर्देशक, वीरगञ्ज, भैरहवा तथा त्रि.वि. भन्सार कार्यालयका भन्सार अधिकृत, भन्सार मूल्याङ्कन डाटावेश प्रणाली निर्माणमा महत्वपूर्ण भूमिका रहेका शाखाका अधिकृत, भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक/प्रमुख भन्सार अधिकृत/भन्सार अधिकृतहरू तथा मूल्याङ्कन शाखाका कर्मचारीहरूको सहभागितामा घोषणा भएका डाटा विश्लेषण गरी छलफल अनुरूप मार्गदर्शन निर्माण गरिएको थियो।

नेपालको भन्सार प्रशासनमा जोखिम व्यवस्थापन: परम्परागत जाँचपासबाट आधुनिक प्रविधितर्फ

नेपालको भन्सार प्रशासनले जोखिममा आधारित जाँचपास प्रणालीलाई क्रमशः संस्थागत, स्वचालित र प्रविधिमैत्री बनाउँदै लगेको छ। भन्सार जाँचपासमा सबै वस्तुमा समान किसिमको हस्तक्षेप गर्ने परम्परागत पद्धतिलाई विस्थापित गर्दै जोखिमको स्तर पहिचान गरी उच्च जोखिमयुक्त वस्तुमा केन्द्रित हुने र न्यून जोखिमका वस्तुलाई सहज जाँचपास गराउने आधुनिक प्रणालीतर्फ नेपालको भन्सार प्रशासन रूपान्तरण भइरहेको छ।

दुई दशक लामो अभ्यास र संस्थागत विकास

नेपालको भन्सार प्रशासनमा जोखिममा आधारित जाँचपासको अभ्यास

फोनः ५९१७२२२, ५९१७२२३, ५९१७२२१ E-mail: csd@customs.gov.np Web : www.customs.gov.np

दुई दशकभन्दा अघिदेखि सुरु भएको हो। सन् १९९७ तिरै त्रिभुवन विमानस्थल भन्सार कार्यालयको आगमन कक्षमा हरियो र रातो मार्गको व्यवस्था गरिएको थियो ।

भन्सार ऐन, २०६४ कार्यान्वयनमा आएसँगै उक्त ऐनको दफा २० अनुसार छनोट प्रणालीका आधारमा मालवस्तु जाँचपास गर्ने व्यवस्था लागू भएपछि छनौट प्रणाली निर्देशिका, २०६६ कार्यान्वयनमा ल्याइयो। २०७२ सालदेखि हरियो मार्गबाट जाँचपास हुने मालवस्तुमा **Random Hit** को अभ्यास सुरु भयो । २०७३ सालमा नयाँ निर्देशिका लागू गरी यो प्रणालीलाई थप व्यवस्थित बनाइयो । भन्सार विभागमा जोखिम व्यवस्थापन शाखाको स्थापना गरी २०७६ भदौ १ देखि छनोट प्रणाली अद्यावधिक गर्ने सम्पूर्ण कार्य भन्सार विभागबाटै हुँदै आएको छ ।

कानुनी आधार

भन्सार ऐन, २०८२ र भन्सार नियमावली, २०८३ ले जोखिम व्यवस्थापनलाई कानुनी आधार प्रदान गरेका छन्। भन्सार ऐनको दफा २३ तथा भन्सार नियमावलीको परिच्छेद ४ मा जोखिम व्यवस्थापन सम्बन्धी व्यवस्था गरिएको छ।जोखिमको विश्लेषण, प्रोफाइलिङ तथा सूचक तयारी तथा स्वीकृतिका लागि केन्द्रीय स्तरमा जोखिम विश्लेषण समिति तथा जोखिम व्यवस्थापन एकाइ र कार्यालय स्तरमा स्थानीय जोखिम व्यवस्थापन एकाइ रहने व्यवस्था छ ।

नेपाल भन्सार स्वचालन प्रणाली (NECAS) मा स्वचालित रूपमा प्राप्त मार्ग (Lane) अनुसार जाँचपास गर्नुपर्ने व्यवस्था छ । नियमावलीको नियम २२ अनुसार हरियो वा पहेंलो मार्गमा रहेका मालवस्तुको गलत घोषणासम्बन्धी सूचना प्राप्त भएमा, त्यसलाई पुनः मार्ग परिवर्तन गरी रातो मार्गमा ल्याई भौतिक परीक्षण गर्न सकिनेछ । यसले स्वचालित छनोट प्रणालीका साथै आवश्यकताअनुसार मानवीय सूचना र विश्लेषणका आधारमा पुनः हस्तक्षेप गर्न सकिने गतिशील जोखिम व्यवस्थापनको बाटो खोलेको छ ।

NECAS मार्फत स्वचालित रुपमा जोखिम व्यवस्थापन

जोखिम व्यवस्थापनलाई प्रविधिसँग जोड्ने क्रममा नेपालले सन् २०१० देखि नेपाल भन्सार स्वचालन प्रणाली (NECAS) अन्तर्गत जोखिममा आधारित Selectivity Module प्रयोग गर्दै आएको छ । हाल यो प्रणाली देशका २७ वटा मुख्य भन्सार कार्यालयहरूमा विस्तार भइसकेको छ । यसले मालवस्तु तथा कारोबारको जोखिम सूचकका आधारमा स्वतः जाँचपासको मार्ग (Lane) निर्धारण गर्ने परिपाटीलाई संस्थागत गरेको छ ।

आर्थिक वर्ष २०८२/८३ को तथ्याङ्क अनुसार NECAS प्रणालीमा दर्ता भएका कुल ६,२८,३१६ वटा प्रज्ञापनपत्र (SAD) को जाँचपास गरिएको छ। जसमध्ये, ६२.६१ प्रतिशत प्रज्ञापनपत्र रातो मार्गमा परेका छन्, जसको भौतिक तथा कागजात परीक्षण गरी जाँचपास गरिएको थियो । यसैगरी, ३१.१९ प्रतिशत प्रज्ञापनपत्र पहेंलो मार्गमार्फत कागजात मात्र परीक्षण गरी जाँचपास गरिएका थिए । सोझै जाँचपास हुने हरियो मार्गको प्रयोग ६.१८ प्रतिशत प्रज्ञापनपत्रमा रहेको थियो ।



प्रज्ञापनपत्र संख्याको आधारमा



मूल्यको आधारमा

कारोबार मूल्यका आधारमा कुल २४ खर्ब रुपैयाँ बराबरको वैदेशिक व्यापारमध्ये ५०.०२ प्रतिशत व्यापार पहेंलो मार्गबाट, ३८.७५ प्रतिशत रातो मार्गबाट र ११.२२ प्रतिशत हरियो मार्गबाट भएको छ ।

त्यसैगरी, भन्सार प्रशासनले आर्थिक वर्ष २०८२/८३ मा संकलन गरेको राजस्वमा रातो मार्गको योगदान ५१.०५ प्रतिशत, पहेंलो मार्गको योगदान ३३.३८ प्रतिशत र हरियो मार्गको योगदान १५.५७ प्रतिशत रहेको छ ।



राजस्वको आधारमा

आगामी कार्यदिशा

नेपालको भन्सार जोखिम व्यवस्थापन अब उन्नत प्रविधितर्फ अघि बढ्दै छ। आगामी चरणमा नीलो मार्गको कार्यान्वयन, Authorized Business Person (ABP) को व्यवस्था, Single Consignment, Pre–Arrival Information, AI तथा बिग डेटामा आधारित पूर्वअनुमान विश्लेषण, Dynamic Risk Profile र डेटा माइनिङ जस्ता आधुनिक प्रणाली विकास गर्ने प्राथमिकता तय गरिएको छ । यसबाट विगतका कारोबारको विश्लेषण मात्र नभई भविष्यमा हुन सक्ने जोखिमको समेत पूर्वानुमान गर्न सकिने क्षमता विकास हुनेछ ।

जोखिम प्रोफाइललाई निरन्तर अद्यावधिक गर्दा नयाँ व्यापारिक विचलन र जोखिमका स्वरूपहरूलाई प्रणालीले समयमै पहिचान गर्न सक्ने अपेक्षा गरिएको छ ।

आर्थिक ऐन, २०८३ मार्फत भन्सार सम्बद्ध कानुनमा भएका संशोधन

	भन्सार महसुल ऐन, २०८१ मा भएको संशोधन
१	दफा १३ को उपदफा (५) मा रहेका "तोकिए बमोजिम मन्त्रालयले" भन्ने शब्दहरूको सट्टा "तोकिए बमोजिमको अधिकारीले" भन्ने शब्दहरू राखिएका छन्।
२	दफा १४, १५ र १६ को ठाउँ ठाउँमा रहेका "कच्चापदार्थ" भन्ने शब्दहरूको सट्टा "कच्चापदार्थ वा सहायक कच्चापदार्थ (नेपालमा उत्पादन नहुने प्याकिङ्ग मेटेरियल समेत)" भन्ने शब्दहरू राखिएका छन्।
३	दफा २८ पछि देहायको दफा २८क. थपिएको छः- "२८क. प्रशासकीय पुनरावलोकन तथा पुनरावेदनः यस ऐन बमोजिम भन्सार अधिकृतले गरेको निर्णयमा चित्त नबुझ्ने ब्यक्तिले भन्सार सम्बन्धी प्रचलित कानून बमोजिम प्रशासकीय पुनरावलोकन तथा पुनरावेदन गर्न सक्नेछ।"
	भन्सार महसुल (दोश्रो संशोधन) नियमावली, २०८३
१	भन्सार महसुल नियमावली, २०८१ मा संशोधन : भन्सार महसुल नियमावली, २०८१ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५ को उपनियम (३) मा रहेका "तीस दिनभित्र" भन्ने शब्दहरूको सट्टा "साठी दिनभित्र" भन्ने शब्दहरू राखिएका छन्।
२	मूल नियमावलीको नियम १० मा संशोधन : मूल नियमावलीको नियम १० को उपनियम (२) मा रहेका "मन्त्रालयको स्वीकृति लिई" भन्ने शब्दहरू झिकिएका छन्।
३	मूल नियमावलीको नियम १२ मा संशोधन : मूल नियमावलीको नियम १२ को उपनियम (१) मा रहेका "भन्सार कार्यालय" भन्ने शब्दहरू पछि "र बाटो" भन्ने शब्दहरू थपिएका छन्।
	भन्सार ऐन, २०८२ मा भएको संशोधनः
१	दफा ५ को,- (क) उपदफा (१) मा रहेका "वा छोटी भन्सार कार्यालय" भन्ने शब्दहरू झिकिएका छन्। (ख) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छ :- "(१क) मूल भन्सार कार्यालय अन्तर्गत तोकिए बमोजिमका छोटी भन्सार कार्यालय रहनेछन्।"
२	दफा २० को उपदफा (१०) को सट्टा देहायको उपदफा (१०) राखिएको छः- "(१०) वस्तुको जाँच हुनुपूर्व घोषणाकर्ताले आफूले घोषणा गरेको वस्तुको विवरण घोषणासाथ पेस भएका कागजात विपरीत नहुने गरी संशोधन गर्न भन्सार अधिकृत समक्ष लिखित अनुरोध गरेमा भन्सार अधिकृतले त्यस्तो विवरण संशोधन गर्न सक्नेछ। तर संशोधनको लागि गरिएको अनुरोध जालसाज वा बदनियतपूर्ण देखिएमा विवरण संशोधन गरिने छैन।"
३	दफा २० को उपदफा (११) को सट्टा देहायको उपदफा (११) राखिएको छः- "(११) वस्तुको जाँच सुरु भइसकेको तर जाँचपास भइनसकेको अवस्थामा घोषणाकर्ताले घोषणामा संशोधन गर्न भन्सार अधिकृत समक्ष कारण खोली निवेदन दिएमा र कारण मनासिब लागेमा भन्सार अधिकृतले त्यस्तो घोषणा संशोधन गर्न सक्नेछ। तर देहायको कुनै अवस्था सिर्जना हुने भएमा घोषणा संशोधन गरिने छैनः- (क) तिर्नु पर्ने महसुल वा भन्सारले गर्नु पर्ने नियमनमा असर पर्ने भएमा, (ख) यस ऐन बमोजिम हुन सक्ने सजायबाट उन्मुक्ति पाउने देखिएमा, (ग) जाँचपास प्रक्रियामा अनावश्यक रूपमा ढिलाइ हुने भएमा।"
४	दफा ५३ को सट्टा देहायको दफा ५३ राखिएको छः- "५३. जफत गर्नु पर्ने अन्य वस्तुः (१) यस ऐन वा भन्सार महसुल सम्बन्धी प्रचलित कानुन बमोजिम कुनै वस्तु जफत गर्ने निर्णय भएमा त्यस्तो वस्तु प्याक गर्न प्रयोग भएका पार्सल वा प्याकेट समेतका वस्तु जफत गर्नु पर्नेछ। (२) वस्तु ढुवानीमा प्रयोग भएको आधारमा कुनै वायुयान, जलयान, रेल, कन्टेनर, मोटरगाडी, ट्रक, ट्याक्टर, बस लगायतका सवारी वा ढुवानीका साधन वा त्यसमा जडित ट्रेलर जफत गरिने छैन। तर त्यस्तो ढुवानीका साधनको धनीले कानुनले तोकेको म्याद भित्र आफ्नो साधनको हकदावी नगरेमा वा तारेख गुजारी बसेमा त्यस्तो ढुवानीका साधन जफत गर्न बाधा पर्ने छैन।"

फोनः ५९१७२२२, ५९१७२२३, ५९१७२२१ E-mail: csd@customs.gov.np Web : www.customs.gov.np

५	दफा ६८ को उपदफा (५) पछि देहायको उपदफा (६) थप गरिएको छः- "(६) उपदफा (१) बमोजिमको निवेदन दिँदा रुपैंया तीन हजार निवेदन शुल्क लाग्ने छ।"
६	दफा ७० को उपदफा (४) को-, (क) खण्ड (क) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छः- "तर गाडा, टाँगा, ठेला, रिक्सा, साइकलको हकमा सवारी धनि वा चालकलाई दश हजारसम्म, स्कुटर र मोटरसाइकलको हकमा बीस हजारसम्म जरिबाना गर्न सकिने छ।" (ख) खण्ड (ख) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थप गरिएको छः- "तर गाडा, टाँगा, ठेला, रिक्सा, साइकलको हकमा सवारी धनि वा चालकलाई दश हजारसम्म, स्कुटर र मोटरसाइकलको हकमा बीस हजारसम्म जरिबाना गर्न।"
७	दफा ७१ को-, (क) खण्ड (घ) मा रहेको "पचास" भन्ने शब्दको सट्टमा "पच्चीस" भन्ने शब्द राखिएको छ। (ख) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः- "(झ) घोषणाकर्ताले दफा २० को उपदफा (३) बमोजिम विद्युतीय माध्यमबाट कम्प्युटर प्रणालीमा वस्तुको विवरण घोषणा गर्दा संलग्न गर्नु पर्ने कागजात नियतवस फरक रूपमा संलग्न गरेमा त्यस्तो घोषणाकर्तालाई सो घोषणा बमोजिम लाग्ने भन्सार महसुलको दश प्रतिशत जरिबाना र लाग्ने महसुल असुल गरी त्यस्तो वस्तु जाँचपास गर्न।"
८	दफा ९३ को उपदफा (३) मा रहेका "सो समेत बुझाएको वा" भन्ने शब्द झिकिएका छन्।
९	दफा ९५ को उपदफा (२) र उपदफा (३) मा रहेको "जाँचपास परीक्षण कार्यालय" भन्ने शब्दहरूको सट्टा "भन्सार कार्यालय वा भन्सार जाँचपास परीक्षण कार्यालय" राखिएका छन्।
१०	दफा १०९ को उपदफा (२) को प्रतिबन्धात्मक वाक्यांशको सट्टा देहायको प्रतिबन्धात्मक वाक्यांश राखिएको छः- "तर घोषणाकर्ताले नक्कली बिल, बीजक वा कागजात पेस गरेको कारणले महसुलमा फरक पर्न गएको देखिएमा भन्सार अधिकृतले उक्त फरक पर्न गएको महसुलको तीन सय प्रतिशत रकम जरिबाना गर्न सक्नेछ। साथै सरकारी कागजात किर्ते गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाहीको लागि सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाउनु पर्नेछ।"
११	दफा ११४ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छः- "कुनै पनि व्यक्तिले तिर्न बाँकी रहेको नविकरण दस्तुर तिरी निकासी वा पैठारी सङ्केत नम्बर रद्द गर्न निवेदन दिएमा विभागले त्यस्तो निकासी वा पैठारी सङ्केत नम्बर रद्द गर्न सक्ने व्यवस्था गर्नेछ।"
भन्सार नियमावली (पहिलो संशोधन) नियमावली, २०८३	
१	मूल नियमावलीको नियम ९६ मा संशोधन : मूल नियमावलीको नियम ९६ को उपनियम (१०) मा रहेको "विभाग" भन्ने शब्दको सट्टा "कार्यालय" भन्ने शब्द राखिएको छ।
२	मूल नियमावलीको नियम १११ मा संशोधन : मूल नियमावलीको नियम १११ को,- (१) उपनियम (४) मा रहेका "उपनियम (२)" भन्ने शब्दहरूको सट्टा "उपनियम (३)" भन्ने शब्दहरू राखिएका छन्। (२) उपनियम (५) मा रहेका "उपनियम (२)" भन्ने शब्दहरूको सट्टा "उपनियम (३)" भन्ने शब्दहरू राखी सोही उपनियममा रहेका "पाँच वर्षसम्म" भन्ने शब्दहरू झिकिएका छन्। (३) उपनियम (६) झिकिएको छ।
३	मूल नियमावलीको नियम ११७ मा संशोधन : मूल नियमावलीको नियम ११७ को उपनियम (२) को खण्ड (ञ) मा रहेका "कार्यकारी निर्देशक" भन्ने शब्दहरूको सट्टा "निर्देशक" भन्ने शब्द राखिएको छ।
४	मूल नियमावलीको नियम १२२ मा संशोधन : मूल नियमावलीको नियम १२२ को उपनियम (३) को खण्ड (ग) मा रहेका "कृषि तथा पशुपन्छी विकास मन्त्रालय" भन्ने शब्दहरूको सट्टा "कृषि, वन तथा पर्यावरण मन्त्रालय" भन्ने शब्दहरू राखिएका छन्।
५	मूल नियमावलीको अनुसूची-२८ मा संशोधन : मूल नियमावलीको अनुसूची-२८ मा रहेका "तीन वर्षसम्मको" भन्ने शब्दहरूको सट्टा "तीन आर्थिक वर्षसम्मको" भन्ने शब्दहरू राखिएका छन्।

फोन: ५९१७२२२, ५९१७२२३, ५९१७२२१ E-mail: csd@customs.gov.np Web : www.customs.gov.np

भन्सार प्रशासनको स्वचालन प्रणालीको कार्यान्वयन

S.N.	Customs Office	NECAS	Selec-tivity	Exit Note	Bank Receipt	Gate Entry	Valuation	Manifest	Deposit	Bank Guarantee	ePayment	Lab Module	Paperless Export	Online Query
1	Mechi	Yes	Yes	Yes	Yes	Yes	Yes			Yes	Yes	Yes	Yes	Yes
2	Birgunj	Yes	Yes	Yes	Yes	Yes	Yes	Yes		Yes	Yes	Yes	Yes	Yes
3	Bhairahawa	Yes	Yes	Yes	Yes	Yes	Yes			Yes	Yes	Yes	Yes	Yes
4	Biratnagar	Yes	Yes	Yes	Yes	Yes	Yes			Yes	Yes	Yes	Yes	Yes
5	Krishnanagar	Yes	Yes	Yes	Yes	Yes	Yes			Yes	Yes		Yes	Yes
6	TIA	Yes	Yes	Yes	Yes		Yes	Yes	Yes	Yes	Yes	Yes	Yes	
7	Bhadrapur	Yes	Yes	Yes	Yes	Yes	Yes			Yes	Yes		Yes	
8	Nepalgunj	Yes	Yes	Yes	Yes	Yes	Yes			Yes	Yes	Yes	Yes	Yes
9	Kailali	Yes	Yes	Yes	Yes	Yes	Yes			Yes	Yes	Yes	Yes	Yes
10	Rasuwa	Yes	Yes	Yes	Yes	Yes	Yes			Yes	Yes		Yes	
11	Gaur	Yes	Yes	Yes	Yes	Yes	Yes			Yes	Yes		Yes	
12	Jaleshwor	Yes	Yes	Yes	Yes	Yes	Yes			Yes	Yes		Yes	
13	Suthouli	Yes	Yes	Yes	Yes	Yes	Yes			Yes	Yes		Yes	
14	Janakpur	Yes	Yes	Yes	Yes	Yes	Yes			Yes	Yes		Yes	
15	Kanchanpur	Yes	Yes	Yes	Yes	Yes	Yes			Yes	Yes		Yes	
16	Sarlahi	Yes	Yes	Yes	Yes	Yes	Yes			Yes	Yes		Yes	
17	Siraha	Yes	Yes	Yes	Yes	Yes	Yes			Yes	Yes		Yes	
18	Sunsari	Yes	Yes	Yes	Yes	Yes	Yes			Yes	Yes		Yes	
19	Rajbiraj	Yes	Yes	Yes	Yes	Yes	Yes			Yes	Yes		Yes	
20	Maheshpur	Yes	Yes	Yes	Yes	Yes	Yes			Yes	Yes		Yes	
21	Sati	Yes	Yes	Yes	Yes	Yes	Yes			Yes	Yes		Yes	
22	Thadi	Yes	Yes	Yes	Yes	Yes	Yes			Yes	Yes		Yes	
23	Tatopani	Yes	Yes	Yes	Yes	Yes	Yes			Yes	Yes	Yes	Yes	
24	Chobhar	Yes	Yes	Yes	Yes	Yes	Yes			Yes	Yes		Yes	
25	Goutambuddha	Yes	Yes	Yes	Yes		Yes			Yes	Yes			
26	Koilabas	Yes					Yes			Yes				
27	Triveni	Yes					Yes			Yes				
28	Pasupatinagar	Yes												
29	Pokhara	Yes	Yes	Yes	Yes		Yes			Yes	Yes			
30	Mustang	Yes	Yes	Yes	Yes	Yes	Yes			Yes	Yes		Yes	
	Total	30	27	27	27	25	29	2	1	29	27	8	25	7

फोन: ५९१७२२२, ५९१७२२३, ५९१७२२१ E-mail: csd@customs.gov.np Web : www.customs.gov.np

वस्तु वर्गीकरण निर्णय सङ्ग्रह, २०८३ प्रकाशन

भन्सार विभागले 'वस्तु वर्गीकरण निर्णय सङ्ग्रह, २०८३' प्रकाशन गरेको छ। विभागले हरेक वर्ष प्रकाशन गर्दै आएको यस निर्णय सङ्कहको नयाँ संस्करणमा २०८२ जेठ १५ गतेदेखि २०८३ जेठ १४ गतेसम्म भएका वस्तु वर्गीकरण, वर्गीकरण पुनरावलोकन र पूर्वादेश (Advance Ruling) सम्बन्धी निर्णयहरू समावेश गरिएका छन्। महानिर्देशकस्तरबाट भएका निर्णय तथा सम्बन्धित समितिहरूबाट प्राप्त फाइलहरूको विस्तृत अध्ययन र विश्लेषणपछि यो अद्यावधिक सङ्कह तयार पारिएको हो।

नेपालले आ.व. २०४९/५० देखि विश्व भन्सार सङ्गठन (WCO) को हार्मोनाइज्ड प्रणाली (HS) अपनाउँदै आएको छ। हाल सन् २०२२ मा संशोधित सातौं संस्करण कार्यान्वयनमा रहेको छ।

वस्तु वर्गीकरण तथा पूर्वादेशका निवेदनहरूमा निर्णय गर्दा भन्सार ऐन, भन्सार महसुल ऐन, आर्थिक ऐन, हार्मोनाइज्ड प्रणालीका सामान्य नियमहरू (GIR), व्याख्यात्मक टिप्पणीहरू, WCO का निर्णय तथा राय र प्रयोगशाला परीक्षण प्रतिवेदनहरूलाई मुख्य आधार मानिने गरिएको छ।

नयाँ निर्णय सङ्कहले देशभरका भन्सार कार्यालयहरूमा कार्यरत कर्मचारी, आयातकर्ता, निर्यातकर्ता तथा भन्सार एजेन्टहरूलाई वस्तु वर्गीकरण सम्बन्धी कार्यमा एकरूपता ल्याउन र सेवा प्रवाहलाई थप सहज बनाउन ठूलो सहयोग पुऱ्याउने विश्वास विभागले लिएको छ।

प्रशासकीय पुनरावलोकन शाखाको कार्य प्रगति

भन्सार अधिकृतले गरेको वस्तु वर्गीकरण, मूल्यांकन तथा अन्य निर्णयमा चित्त नबुझ्ने पैठारीकर्ताले महानिर्देशक समक्ष प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्ने कानुनी व्यवस्था भए बमोजिम आ.व. २०८२/८३ को लागि आ.व. २०८१/८२ बाट जिम्मेवारी सरी आएका कुल २२२ थान र आ.व. २०८२/८३ को असार मसान्त सम्म दर्ता हुन आएका कुल १९६ गरी जम्मा ४१८ थान प्रशासकीय पुनरावलोकन (मूल्यांकन पुनरावलोकन तथा वर्गीकरण पुनरावलोकन) सम्बन्धी निवेदनहरूमध्ये आ.व. २०८२/८३ असार मसान्तसम्म कुल ३८३ वटा निवेदनहरूको निर्णय/फर्छौट भै ९२ प्रतिशत प्रगति भएको छ। आ.व.२०८१/८२ मा जिम्मेवारी सरि आएको समेत २६३ निवेदन मध्ये १७० निवेदन फछ्र्यौट भै ६४.६४ प्रतिशत प्रगति हासिल भएको थियो।

जिम्मेवारी सरि आएका २२२ थान निवेदनहरू मध्ये १५८ वटा मूल्यांकन पुनरावलोकन सम्बन्धी (मूल्यांकन पुनरावलोकन समितिमा दर्ता भएका समेत) र ६४ वटा वर्गीकरण पुनरावलोकन सम्बन्धी निवेदनहरू रहेका छन्। चालु आ.व.मा दर्ता भएका जम्मा १९६ निवेदनहरू मध्ये ५६ वटा मूल्यांकन पुनरावलोकन सम्बन्धी (मूल्यांकन पुनरावलोकन समितिमा दर्ता भएका समेत) र १४० वटा वर्गीकरण पुनरावलोकन सम्बन्धी निवेदनहरू रहेका छन्। चा.लु. आ.व.मा निर्णय भएका कुल ३८३ वटा निवेदनहरू मध्ये मूल्यांकन पुनरावलोकन (मूल्यांकन पुनरावलोकन समितिमा दर्ता भएका समेत) तर्फका २०९ र वर्गीकरण पुनरावलोकन तर्फका १७४ रहेका छन्।

मूल्यांकन पुनरावलोकन तर्फको निर्णय संख्या केलाउँदा आ.व. २०८१/८२ मा कुल २५९ निर्णय भएको मा आ.व. २०८२/८३ मा २०९ वटा निवेदनहरूको निर्णय भएको छ। त्यसै गरी वर्गीकरण पुनरावलोकन तर्फको निर्णय संख्या केलाउँदा आ.व. २०८१/८२ मा कूल २६३ निवेदन मध्ये १७० वटा निवेदनहरूको निर्णय भएकोमा आ.व. २०८२/८३ मा १७४ वटा निवेदनहरूको निर्णय भएको छ।

यसका अतिरिक्त प्रशासकिय पुनरावलोकन शाखामा दर्ता भएका पुनरावलोकन सम्बन्धी निवेदनहरूमध्ये आ.व. २०८२/८३ मा निर्णय भएका कुल ३८३ वटा निर्णयहरू DIGITIZE गर्ने कार्य समेत सम्पन्न भएको छ।

लुम्बिनी छोटी भन्सार कार्यालयमा आसिकुडा वर्ल्ड लागू

भैरहवा भन्सार कार्यालय अन्तर्गतको लुम्बिनी छोटी भन्सार कार्यालयबाट दैनिक अस्थायी पैठारी भई नेपाततर्फ सवारीसाधनहरू धेरै संख्यामा आउने गरेका छन्। लुम्बिनी भन्दा ठीक दक्षिण भएको, आउन जानलाई बाटोको सहज सुविधा रहेको हुँदा लुम्बिनी आउने भारतीय पर्यटकहरू सो छोटी भन्सारको बाटो हुँदै आउने जाने गरेका छन्। सो लुम्बिनी छोटी भन्सार कार्यालयमा माघ १, २०८२ देखि आसिकुडा वर्ल्ड लागू गरिएको छ जसबाट अव सवारी र त्यस कार्यालयमा घोषणा हुने वस्तुको तथ्यांक र राजस्वको हिसाब समेत केन्द्रिकृत हुन गइ सेवा प्रभावकारी र पारदर्शी भएको छ। आसिकुडा वर्ल्ड लागू गर्दा पहिलो सेवाग्राहीलाई सम्मान गर्दै प्रमुख भन्सार अधिकृतबाट प्रज्ञापनपत्र र नगदी रसिद हस्तान्तरण गरिएको थियो।

फोन: ५९१७२२२, ५९१७२२३, ५९१७२२१ E-mail: csd@customs.gov.np Web : www.customs.gov.np

कोलकाताबाट बिराटनगरका लागि रेल कार्गो सेवाको शुभारम्भ

नेपाल- भारत पारवहन सम्झौता अन्तर्गत तेस्रो मुलुकबाट आयात हुने वस्तुलाई भारतीय भूमी हुदै विराटनगरसम्म ढुवानी गर्ने प्रक्रियामा कोलकाता विराटनगर रेलवे कार्गो ढुवानीको कार्य औपचारिक रुपमा मिति २०८३ श्रावण ४ गते बाट शुरु भएको हो। नेपाल भारत पारबहन सम्झौताले तेश्रो मुलुकबाट हुने आयात तथा निर्यातको लागि भारतीय सडक मार्ग र रेल मार्ग प्रयोग गरी पारबहन गर्न पाउने व्यवस्था बमोजिम कोलकाता स्थित महावाणिज्य दुतावास, विराटनगर भन्सार कार्यालयको निरन्तर पहल पश्चात कोलकाता भन्सार, बन्दर गाह र सिपिङलाईन, कार्गो क्यारियर र भारतीय रेल्वेसँग समन्वय गरी रेल कार्गो सेवाको सुभारम्भ भएको हो। यस अवसरमा कोलकातास्थित नेपाली महावाणिज्यदूत श्री झक्कप्रसाद आचार्य समेतबाट श्रावण १ मा हरियो झण्डा देखाई नेपालतर्फ कार्गोरेल प्रस्थान र २०८३ श्रावण ४ मा विराटनगर भन्सार कार्यालयमा प्रमुख भन्सार अधिकृत श्री उमेश श्रेष्ठ, भारतीय भन्सारका पदाधिकारी र भारतीय कन्टेनर निगम लिमिटेडका अधिकारीहरूले संयुक्तरुपमा हरियो झण्डा देखाई रेल कार्गोको शुभार म्भ गर्नुभयो।

विराटनगरको एकीकृत जाँच चौकीसम्म कार्गो रेल ल्याउने लक्ष्यसाथ २०८० जेठमा एउटा फलाम बोकेको वस्तुहरू बल्क कार्गो ट्रेन आएको थियो तर नीतिगत जटिलता र प्रक्रियागत समन्वय अभावमा तेश्रो मुलुकको कार्गो सेवा नियमित हुन सकेको थिएन। भारत सरकारको केन्द्रीय अप्रत्यक्ष कर तथा भन्सार बोर्ड (सीबीआईसी)ले २०२५ नोभेम्बर ४ मा ईसीटीएस सम्बन्धी नियम संशोधन गर्दै कोलकाता, हल्दिया र विशाखापट्टनम बन्दरगाहबाट रेलमार्फत विराटनगरसम्म कार्गो ढुवानी गर्न अनुमति दिएको थियो। त्यसपछि कोलकाता भन्सारले २०२६ फेब्रुअरी २६ मा जोगबनीस्थित भारतीय भन्सार यार्ड हुँदै नेपाल कष्टम यार्ड, विराटनगरसम्म रेलमार्फत मालसामान ल्याउने प्रक्रियागत व्यवस्था लागू गरिएको थियो।

कोलकाताबाट छुटेको रेल जोगबनी भन्सार यार्ड हुँदै करिब २४ घण्टा भित्रै विराटनगर भन्सार कार्यालय आइपुग्ने छाभारतीय कन्टेनर निगम लिमिटेड (कोनकर -CONCOR) को रेल र्‍याकमार्फत प्रस्थान गरेको पहिलो ढुवानीमा नेपालको स्वस्तिक आयल ईण्डष्ट्रिजका लागि अष्टेलियाबाट आयात गरिएको CANOLA GRAINS–FARMER DRESSED(तोरी) राखिएका Maersk Line का ४० फिटका ४० कन्टेनर २०८३ साउन ४ मा आएका हुन् भने दोश्रोपटक चन्दन शिव राइस एण्ड आयल मिल्स प्रा.लि., श्री श्याम एग्रो प्रोडक्ट इण्डष्ट्रिज र रुचि खाद्य तेल उद्योगको २० फिट र ४० फिटका ६८ कन्टेनर तोरी बोकेर २०८३ साउन २७ मा विराटनगर भन्सार कार्यालय आएको हो। यी कन्टेनरहरूमा Electric Cargo Tracking System समेत जडान गरिएको छ। नेपाल- भारत सीमावर्ती क्षेत्र जोगबनी एकिकृत भन्सार यार्ड हुदै बिराटनगर आईपुग्ने यो रेल सेवा पूर्ण सञ्चालनमा आएसँगै अब एकै पटक ४५ वटासम्म ४० फिटका कार्गो कन्टेनरहरू रेलमार्फत सिधै विराटनगर भन्सार कार्यालय आइपुग्ने भएका हुन्। विगतमा विरगञ्ज ICD मात्र यस्तो रेल कार्गो सुविधा उपलब्ध भएकोमा अब विराटनगरमा समेत रेल कार्गो मार्फत कन्टेनर र बल्क कार्गो नियमित रुपमा व्यवसायिक ढुवानी गर्ने बाटो खुला भई यो नेपालको एकमात्र Multimodel Transport Hub भएको छ।

यो व्यवस्थाबाट बन्दरगाहमा नेपाली आयातकर्ताले कोलकातामा बेहोर्नुपर्ने विलम्ब शुल्क, कन्टेनर डिटेन्सन चार्ज र ढुवानी भार कम भई समग्र व्यापार पारबहन लागत समेत उल्लेखनीय रुपमा न्यूनीकरण हुने, व्यापार सहजीकरणमा मद्दत पुग्ने भएसँगै विराटनगर भन्सार कार्यालयबाट आयात गर्ने आयातकर्ताहरूमा उत्साह बढ्नुको साथै पूर्वी नेपालको औद्योगिक तथा व्यापारिक गतिविधिमा सकारात्मक प्रभाव पर्ने विश्वास गरिएको छ।

नेपालको वीरगञ्ज र भारतको रक्सौल भन्सार कार्यालयबीच समन्वय बैठक सम्पन्न

नेपाल र भारतबीचको द्विपक्षीय व्यापारलाई अझ सरल, पारदर्शी र व्यवस्थित बनाउने उद्देश्यले वीरगञ्ज भन्सार कार्यालयको आयोजनामा वीरगञ्जमा एक महत्त्वपूर्ण संयुक्त बैठक तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख प्रशासक श्री कृष्ण प्रसाद मैनालीको नेतृत्वमा नेपालतर्फबाट प्रमुख भन्सार अधिकृतहरू तथा भन्सार अधिकृतहरूको सहभागिता रहेको थियो भने भारततर्फबाट रक्सौलस्थित भारतीय भन्सार कार्यालयका प्रमुख के. के. घोषसहितको उच्चस्तरीय टोलीको उपस्थिति रहेको थियो।

बैठकमा दुई देशबीचको अन्तर्राष्ट्रिय व्यापारलाई कसरी थप सहज र प्रभावकारी बनाउन सकिन्छ भन्ने विषयमा व्यापक छलफल भएको थियो। आयात-निर्यात प्रक्रियामा देखिएका व्यावहारिक कठिनाइहरूलाई आपसी समन्वयमार्फत कसरी हल गर्न सकिन्छ भन्ने बारेमा दुवै देशका प्रतिनिधिहरूबीच गम्भीर विचारविमर्श भयो।

भन्सार प्रक्रियालाई छिटो-छरितो बनाउन र व्यापारिक लागत कम गर्न दुई देशका भन्सार कार्यालयहरूबीच नियमित रूपमा सूचना तथा तथ्याङ्कहरूको आदानप्रदान गर्ने महत्वपूर्ण सहमति भएको छ। यसबाट मालवस्तुको सही वर्गीकरण, मूल्याङ्कन तथा भन्सार क्लियरेन्स प्रक्रियामा थप सहजता आउने अपेक्षा गरिएको छ।

त्यसैगरी, खुला सिमानाका कारण उत्पन्न हुन सक्ने चुनौतीहरूलाई मध्यनजर गर्दै सिमावर्ती क्षेत्रबाट हुने चोरी-तस्करी तथा अवैध आयात-

निर्यातलाई कडाइका साथ नियन्त्रण गर्न आ-आफ्नो तर्फबाट थप प्रभावकारी पहल र संयुक्त प्रयास गर्ने सहमति पनि बैठकमा जुटाइएको छ। नियमविपरीत हुने गतिविधिहरूलाई निरुत्साहित गर्न सुरक्षा निकाय र भन्सार प्रशासनबीचको समन्वयलाई अझ मजबुत बनाइने कुरामा जोड दिइएको थियो।

कार्यक्रमको अन्त्यमा, नेपाल र भारतबीचको ऐतिहासिक र मैत्रीपूर्ण सम्बन्धलाई भन्सार तथा व्यापारिक तहबाट अझ प्रगाढ र सुदृढ बनाउन आ-आफ्नो कार्यालयको तर्फबाट थप रचनात्मक पहल गर्ने प्रतिबद्धता व्यक्त गरिएको थियो। यस प्रकारका संयुक्त बैठकहरूले दुई देशबीचको व्यापार सहजीकरणमा मात्र नभई सीमावर्ती क्षेत्रको शान्ति र सुव्यवस्था कायम गर्न समेत महत्वपूर्ण योगदान पुऱ्याउने विश्वास लिइएको छ।

भन्सार विभागका महानिर्देशकद्वारा नेपालगञ्ज भन्सार कार्यालयको निरीक्षण

मिति २०८३ असार १४ गते भन्सार विभागका महानिर्देशक श्री श्याम प्रसाद भण्डारीज्यूले नेपालगञ्ज भन्सार कार्यालयको निरीक्षण गर्नुभएको छ। निरीक्षणका क्रममा उहाँले कार्यालयको समग्र कार्यसम्पादन, सेवा प्रवाह तथा शाखागत गतिविधिबारे जानकारी लिनुभएको थियो। सो अवसरमा महानिर्देशक भण्डारीज्यूले सम्पूर्ण कर्मचारीहरूलाई आ-आफ्नो पदीय दायित्व तथा जिम्मेवारीप्रति पूर्ण रूपमा जिम्मेवार र जवाफदेही भई कार्यसम्पादन गर्न निर्देशन दिनुभयो। साथै, कार्यालयका दैनिक कार्यसम्पादनमा देखिएका समस्या तथा चुनौतीहरूको पहिचान गरी तिनको समयमै समाधान गर्दै कार्यप्रणालीलाई थप प्रभावकारी बनाउनुपर्नेमा जोड दिनुभयो।

महानिर्देशकज्यूले प्रचलित ऐन, कानून, विभागीय परिपत्र तथा निर्देशनहरूको पूर्ण परिपालना गर्दै सेवाग्राहीलाई छिटो, छरितो, पारदर्शी र सहज सेवा प्रवाह गर्न निर्देशन दिनुभयो। भन्सार प्रशासनको प्रभावकारिता अभिवृद्धि गर्न कर्मचारीहरूबीच समन्वय, अनुशासन, जिम्मेवारीबोध र कार्यप्रतिको प्रतिबद्धता आवश्यक रहेको उल्लेख गर्दै उहाँले तोकिएको राजस्व लक्ष्य तथा अन्य शाखागत लक्ष्यहरू प्राप्तिका लागि हदैसम्मको प्रयास गर्न निर्देशन दिनु भएको थियो।

निरीक्षणका क्रममा उहाँले कार्यालयको सेवा प्रवाहलाई थप चुस्त, व्यवस्थित र सेवाग्राहीमैत्री बनाउन आवश्यक पहल गर्न समेत निर्देशन दिनुभएको थियो।

UNODC र भन्सार विभागको सहकार्यमा क्षमता अभिवृद्धि तालिम सम्पन्न

संयुक्त राष्ट्रसंघीय लागूऔषध तथा अपराधसम्बन्धी कार्यालय (UNODC) को सहकार्यमा भन्सार विभागले ई-कमर्स तथा जोखिम व्यवस्थापन सम्बन्धी तालिम कार्यक्रमहरू सम्पन्न गरेको छ। भन्सार प्रशासनलाई आधुनिक, प्रविधिमैत्री र सुरक्षित बनाउने लक्ष्यसहित आयोजना गरिएका यी तालिमहरूमा कर्मचारीहरूको उत्साहजनक सहभागिता रहेको थियो।

Regional training on E–commerce तालिम २०२६ जुलाई ७ देखि १० सम्म काठमाडौंमा सम्पन्न भयो। चारदिने उक्त तालिममा नेपालको भन्सार प्रशासनका ८ जना कर्मचारीहरूको साथै मालदिभ्स, बङ्गलादेश तथा भूटानका भन्सार कर्मचारीहरूको सहभागिता समेत रहेको थियो। यस तालिममा ई-कमर्सका माध्यमबाट हुने व्यापारको भन्सार मूल्यांकन तथा डिजिटल भुक्तानीका चुनौतीहरूका बारेमा विस्तृत छलफल गरिएको थियो। बढ्दो अनलाइन व्यापारका कारण भन्सार राजस्व चुहावट हुन नदिन र वैधानिक व्यापारलाई छिटोछरितो बनाउन चाल्नुपर्ने कदमहरूबारे अन्तर्राष्ट्रिय अभ्यासहरू समेत आदानप्रदान गरिएको थियो।

यसैगरी, Risk Assessment and Intelligence तालिम २०२६ जुलाई १३ देखि १६ सम्म नागरकोटमा सम्पन्न भयो। चारदिने उक्त तालिममा नेपाल तथा पाकिस्तान भन्सार प्रशासका ८-८ जना कर्मचारीहरूले सहभागिता जनाउँदै गैरकानुनी व्यापार, तस्करी र भन्सार छली रोक्नका लागि इन्टेलिजेन्सको प्रयोग कसरी गर्ने भन्नेबारे जानकारी गराइएको थियो। साथै, उच्च जोखिमयुक्त ढुवानी (High–risk consignments) लाई पहिचान गर्ने र न्यून जोखिम भएका मालवस्तुलाई बिना अवरोध जाँचपास गर्न आधुनिक जोखिम व्यवस्थापन प्रणालीको उपयोग सम्बन्धमा सहभागीहरूलाई प्रशिक्षित गरिएको थियो।

नेपालको भन्सार प्रशासन र UNODC बीचको सहकार्यले लागूऔषध तस्करी तथा संगठित अपराधविरुद्धको प्रयासलाई अझ प्रभावकारी बनाउने विश्वास गरिएको छ। यस्ता तालिम कार्यक्रमहरूले भन्सार प्रशासनको दक्षता वृद्धि गर्दै सुरक्षित र सुव्यवस्थित सीमा व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

फोन: ५९१७२२२, ५९१७२२३, ५९१७२२१ E-mail: csd@customs.gov.np Web : www.customs.gov.np

आ.व. २०८२/८३ को आयात/निर्यात तथा राजस्व सङ्कलनको अवस्था

भन्सार विभागले आर्थिक वर्ष २०८२/८३ को असार मसान्तसम्म रु. ५१५ अर्ब ५७ करोड राजस्व सङ्कलन गरेको छ। यो रकम वार्षिक लक्ष्य रु. ५८८ अर्ब २५ करोडको ८७.६ प्रतिशत हो। गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा राजस्व सङ्कलनमा ६.५ प्रतिशतले वृद्धि भएको छ।

राजस्व सङ्कलनलाई शीर्षकगत रूपमा हेर्दा सबैभन्दा बढी भन्सार महसुल (पूर्वाधार कर समेत) रु. २३४ अर्ब ३९ करोड रहेको छ, जुन कुल राजस्व सङ्कलनको ४५.५ प्रतिशत हो। त्यसैगरी, मूल्य अभिवृद्धि करबाट रु. २२४ अर्ब ८७ करोड (४३.६ प्रतिशत), अन्तःशुल्कबाट रु. ४९ अर्ब ५३ करोड (९.६ प्रतिशत) र हरित करबाट रु. ६ अर्ब ७८ करोड (१.३ प्रतिशत) राजस्व सङ्कलन भएको छ। समग्रमा हेर्दा लक्ष्यको तुलनामा राजस्व सङ्कलन सन्तोषजनक देखिए पनि थप सुधार आवश्यक देखिन्छ।

गत आर्थिक वर्ष कुल वस्तु आयात रु. २० खर्ब ९६ अर्ब ३७ करोड र निर्यात रु. ३ खर्ब १५ अर्ब २९ करोड भएको छ।

अंक रु. करोडमा

शीर्षक	आर्थिक वर्ष २०८१/८२ को असुली	आर्थिक वर्ष २०८२/८३ को असुली	परिवर्तन प्रतिशत
भन्सार महसुल (पूर्वाधार कर समेत)	२३,३६२	२३,४३९	०.३
मू.अ. कर	२०,०८१	२२,४८७	१२.०
अन्तः शुल्क	४,६४०	४,९५३	६.७
हरित कर	३२३	६७८	१०९.९
जम्मा	४८,४०६	५१,५५७	६.५



आयात भएका प्रमुख

आर्थिक वर्ष २०८१/८२ को तुलनामा २०८२/८३ मा प्रमुख १० आयातित वस्तुमध्ये अधिकांश वस्तुको आयात मूल्यमा वृद्धि भएको देखिन्छ। आयात मूल्यतर्फ चाँदीको वृद्धि सबैभन्दा उच्च ३६६.१ प्रतिशत रहेको छ भने मोटर साइकल (अनएसेम्बल्ड) ६४.४ प्रतिशत, मोबाइल टेलिफोन ३३.० प्रतिशत, डिजेल ३३.९ प्रतिशत, शुद्ध फलाम २०.० प्रतिशत, भटमासको तेल कच्चा २१.९ प्रतिशत, पेट्रोल २०.५ प्रतिशत र तयारी कपडा ८.० प्रतिशतले बढेका छन्। अर्कोतर्फ एलपी ग्यासको आयात मूल्य ३.७ प्रतिशत र एच.आर. सिटको आयात मूल्य ६.६ प्रतिशतले घटेको छ। राजस्वतर्फ भने भटमासको तेल कच्चा, शुद्ध फलाम, मोबाइल टेलिफोन, चाँदी तथा मोटर साइकलबाट प्राप्त र ाजस्वमा वृद्धि भएको छ भने डिजेल, पेट्रोल, एलपी ग्यास र एच.आर. सिटबाट प्राप्त राजस्वमा कमी आएको देखिन्छ। समग्रमा, चाँदी, मोटर साइकल र मोबाइल टेलिफोनजस्ता वस्तुको आयातमा उल्लेख्य वृद्धि भए पनि केही प्रमुख पेट्रोलियम तथा औद्योगिक वस्तुबाट प्राप्त राजस्वमा कमी आएको तथ्याङ्कले देखाउँछ।

अंक रु. करोडमा

सि. नं.	वस्तुको नाम	आ.व. २०८१/८२		आ.व. २०८२/८३		मुल्यमा परिवर्तन %	राजस्वमा परिवर्तन %
		मुल्य	राजस्व	मुल्य	राजस्व		
१	डिजेल	१२८७६	५८३८	१७२४३	५७७०	३३.९	-१.२
२	भटमासको तेल कच्चा	१०८९५	४०२	१३२७७	५६४	२१.९	४०.०
३	पेट्रोल	६४१३	४२२५	७७२७	४०४८	२०.५	-४.२
४	एल पि ग्यास	६२५९	११६७	६०२८	११२४	-३.७	-३.७
५	शुद्ध फलाम	४८७७	७४७	५८५२	८२७	२०.०	१०.८
६	मोवाइल टेलिफोन	३७४४	६९८	४९८१	९२९	३३.०	३३.१
७	तयारी कपडा	४००८	१३९८	४३३०	१५०७	८.०	७.९
८	एच.आर. सिट	३९३२	५९१	३५९२	५६१	-८.६	-५.१
९	चाँदी	७०३	७६	३२७५	३३४	३६६.१	३३७.१
१०	मोटर साइकल (अन एसेम्वल्ड)	१८४६	१७२५	३०३५	२८५२	६४.४	६५.३

निर्यात भएका प्रमुख वस्तुहरू

आर्थिक वर्ष २०८१/८२ को तुलनामा २०८२/८३ मा निर्यात भएका प्रमुख १० वस्तुहरूको कुल निर्यात मूल्य १८,१६९ करोड रुपैयाँबाट बढेर २१,४३३ करोड रुपैयाँ पुगेको छ, अर्थात् करिब १८.० प्रतिशतले वृद्धि भएको देखिन्छ । वस्तुगत रूपमा हेर्दा प्रशोधित पाम तेलको निर्यातमा सबैभन्दा ठूलो २४६.७ प्रतिशतको वृद्धि भएको छ भने अलैंचीको निर्यात ६४.६ प्रतिशत, भटमासको तेल प्रशोधित २०.६ प्रतिशत, जमोठे कपडा १६.२ प्रतिशत, जुटका बुनिएका कपडा १५.३ प्रतिशत, सेन्थेटिक यार्न ८.५ प्रतिशत र तयारी कपडा ५.४ प्रतिशतले बढेका छन्। अर्कोतर्फ सूर्यमुखीको प्रशोधित तेलको निर्यात २७.४ प्रतिशत, उन्नी गलैंचा कार्पेट २.५ प्रतिशत र फलफूलको जुस ०.७ प्रतिशतले घटेको छ । समग्रमा, अधिकांश वस्तुको निर्यातमा वृद्धि हुनुका साथै विशेषगरी प्रशोधित पाम तेल र अलैंचीको निर्यातमा उल्लेख्य वृद्धि भएकाले २०८२/८३ मा प्रमुख १० वस्तुको कुल निर्यात मूल्यमा सकारात्मक विस्तार भएको देखिन्छ ।

अंक रु. करोडमा

सि.नं.	वस्तुको नाम	आ.व. २०८१/८२ मुल्य	आ.व. २०८२/८३ मुल्य	मुल्यमा परिवर्तन %
१	भटमासको तेल प्रशोधित	१०६७९	१२८७४	२०.६
२	सेन्थेटिक यार्न	१४३६	१५५९	८.५
३	अलैची	७६८	१२६५	६४.६
४	उनी गलैंचा कार्पेट	१०७८	१०५०	-२.५
५	सुर्यमुखिको प्रशोधित तेल	१२३३	८९४	-२७.४
६	तयारी कपडा	८१८	८६२	५.४
७	प्रशोधित पाम तेल	२४१	८३७	२४६.७
८	फलफुलको जुस	७७२	७६७	-०.७
९	जुटका बुनिएका कपडा	६३०	७२७	१५.३
१०	जमोठ कपडा	५१४	५९८	१६.२

कार्यालयगत राजस्व असूलीको तुलानात्मक विवरण

अंक रु. करोडमा

सि.नं.	भन्सार कार्यालय	आ.व. २०८१/८२	आ.व. २०८२/८३	थपघट %
१	पशुपतिनगर	२.६२	२.९४	१२.३१
२	मेची	१५९४.२९	१७६७.७२	१०.८८
३	भद्रपुर	२०.८७	१८.६३	-१०.७१
४	विराटनगर	३३६२.०२	३५३७.४७	५.२२
५	सुनसरी	५५.५४	३९.०४	-२९.७१
६	राजविराज	७.६०	७.४२	-२.३५
७	ठाँडी	४.५५	४.४५	-२.२१
८	सिराहा	१४.८४	१४.९५	०.७३
९	जनकपुर	४८.१४	३६.४३	-२४.३४
१०	जलेश्वर	२६९.७३	१६४.९७	-३८.८४
११	सर्लाही	५३.६५	४०.७७	-२४.००
१२	गौर	२९.९१	४७.००	५७.१२
१३	वीरगंज	२२५७३.४९	२४३९६.४६	८.०८
१५	महेशपुर	१५.९९	२०.६७	२९.३०
१६	त्रिवेणी	१.४८	१.९१	२९.१०
१७	भैरहवा	९५१९.३९	१०४८८.४५	१०.१८
१८	सुठौली	१०३.६६	१५५.०७	४९.६०
१९	कृष्णनगर	५२३.२१	५४४.५८	४.०८
२०	कोइलावास	१.७३	२.०५	१८.४०
२१	नेपालगंज	२०२८.७२	२०११.५५	-०.८५
२२	राजापुर	२.३९	३.४७	४५.२८
२३	सती	१४.३७	१४.७१	२.३६
२४	कैलाली	८६६.१५	८३९.८४	-३.०४
२५	कंचनपुर	५९.७७	५८.५०	-२.१२
२६	महाकाली	०.७४	०.५२	-३०.७०
२७	दार्चुला	०.९६	१.१७	२१.९६
२८	त्रि वि स्थल	२२३१.७९	३१०२.३९	३९.०१
२९	तातोपानी	१८७६.३७	१४५३.४९	-२२.५४
३०	रसुवा	३०१५.२०	१३७५.१८	-५४.३९
३१	भन्सार जाँचपास परिक्षण कार्यालय	१३.५४	३९.८३	१९४.२३
३२	चोभार सुख्खा बन्दरगाह	९३.८७	६६९.८३	६१३.५९
३३	गौतमबुद्ध अ वि भन्सार	०.५०	०.०६	-८८.४६
३४	अन्य कार्यालय	०.०२	६९५.८२	४०९२९४०.५९
	जम्मा	४८४०७.१०	५१५५७.३५	६.५१

फोन: ५९१७२२२, ५९१७२२३, ५९१७२२१ E-mail: csd@customs.gov.np Web : www.customs.gov.np

भन्सार विभागबाट उजुरी तथा अनुसन्धानसम्बन्धी कार्यमा उल्लेख्य प्रगति

भन्सार विभागले विभिन्न सरकारी निकायबाट प्राप्त पत्र, उजुरी तथा गुनासोको सम्बोधनसँगै अनुसन्धान, अनुगमन तथा सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कार्यलाई प्रभावकारी रूपमा अघि बढाएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट विभिन्न मितिमा प्राप्त ५० वटा पत्रमध्ये ४९ वटाको जवाफ पठाइएको छ। अर्थ मन्त्रालयबाट प्राप्त ९० वटा पत्रमध्ये सबैमा आवश्यक कारबाही अघि बढाइएको छ। त्यस्तै, केन्द्रीय अनुसन्धान ब्युरो (CIB) बाट प्राप्त ६ वटा पत्रमा आवश्यक कारबाही सम्पन्न गरिएको तथा राष्ट्रिय सतर्कता केन्द्रबाट प्राप्त २ वटै पत्रको जवाफ पठाइएको छ।

राजस्व अनुसन्धान विभागबाट विभिन्न मितिमा प्राप्त ८ वटा पत्रमध्ये सबैलाई आवश्यक कारबाहीका लागि पठाइएको छ। नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाइमा आर्थिक वर्ष २०८२/८३ को वैशाखसम्मको Currency Declaration सम्बन्धी विवरण पठाइएको छ। सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागबाट प्राप्त ४ वटा पत्रमा पनि आवश्यक कारबाहीका लागि प्रक्रिया अघि बढाइएको छ।

यसैगरी, भन्सार विभागमा विभिन्न मितिमा परेका २५ वटा उजुरीमध्ये गत अवधिको बाँकीसमेत गरी २४ वटा उजुरी फछ्र्यौट गरिएको छ। त्यस्तै, ५ वटा छड्के जाँच तथा परीक्षणसम्बन्धी कार्य सम्पन्न गरिएको छ। हेलो सरकारमार्फत आर्थिक वर्ष २०८२/८३ मा विभिन्न मितिमा प्राप्त ३१४ वटा गुनासोमध्ये १५४ वटा फछ्र्यौट भएका छन् भने १६० वटा गुनासो समाधानको प्रक्रियामा रहेका छन्।

विभागले उजुरी तथा गुनासोको समयमै सम्बोधन, अन्तरनिकाय समन्वय, छड्के अनुगमन तथा अनुसन्धानलाई प्रभावकारी बनाउँदै भन्सार प्रशासनमा पारदर्शिता, जवाफदेहिता र सुशासन अभिवृद्धि गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाएको छ।

प्रत्यक्ष निगरानी शाखाको प्रगति

भन्सार विभागको प्रत्यक्ष निगरानी शाखाबाट आ.व. २०८२/८३ मा विभिन्न भन्सार कार्यालयमा घोषणा भएका प्रज्ञापनपत्र तथा सो साथ संलग्न कागजातहरूको Real Time मा प्रत्यक्ष निगरानी गरी वस्तुको घोषणा, वर्गीकरण, मूल्याङ्कन, छुट सुविधा लगायतका विषयमा सम्भावित जोखिम तथा कैफियत पहिचान गर्ने कार्य गरिएको छ। जोखिमयुक्त वा शंकास्पद देखिएका घोषणा तथा वस्तुहरूको विस्तृत जाँच गरेर मात्र जाँचपास गर्न सम्बन्धित भन्सार कार्यालयलाई Virtual माध्यमबाट तत्काल जानकारी गराउने व्यवस्था मिलाइएको छ।

यसरी शाखाबाट औँल्याइएका जोखिम तथा कैफियतसम्बन्धी सूचनाको आधारमा सम्बन्धित भन्सार कार्यालयबाट आवश्यक कारबाही हुँदा आ.व. २०८२/८३ मा कुल रु. ६४ करोड ६२ लाख थप राजस्व संकलन भएको छ। शाखाबाट कैफियत औँल्याइएका प्रज्ञापनपत्रमध्ये ३२०० वटा प्रज्ञापनपत्रमा भन्सार कार्यालयबाट कारबाही भएकोमा १४९५ वटामा वस्तुको वर्गीकरण सङ्केत नं परिवर्तन, १६२९ वटामा मूल्य वृद्धि तथा ७६ वटामा जरिवानासहित थप राजस्व असुली भएको छ।

शाखाबाट औँल्याइएका कैफियतउपर कारबाही गरी थप राजस्व संकलन गर्ने प्रमुख भन्सार कार्यालयहरूमध्ये वीरगञ्ज भन्सार कार्यालयबाट रु. १९ करोड ३१ लाख, भैरहवा भन्सार कार्यालयबाट रु. १५ करोड ३७ लाख, रसुवा भन्सार कार्यालयबाट रु. ७ करोड ५५ लाख, चोभार सुक्खा बन्दरगाह भन्सार कार्यालयबाट रु. ५ करोड ६९ लाख, तातोपानी भन्सार कार्यालयबाट रु. ५ करोड ५९ लाख, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयबाट रु. २ करोड ९६ लाख, मेची भन्सार कार्यालयबाट रु. २ करोड ८३ लाख, विराटनगर भन्सार कार्यालयबाट रु. २ करोड ७ लाख, मुस्ताङ भन्सार कार्यालयबाट रु. १ करोड ९३ लाख तथा अन्य विभिन्न भन्सार कार्यालयबाट रु. १ करोड ३२ लाख थप राजस्व संकलन भएको छ।

यसरी प्रत्यक्ष निगरानीमार्फत जोखिम पहिचान, तत्काल सूचना सम्प्रेषण तथा भन्सार कार्यालयबाट प्रभावकारी कारबाही गराउने कार्यले राजस्व चुहावट नियन्त्रण, वस्तुको सही वर्गीकरण तथा मूल्याङ्कन, किटानी विवरण घोषणाको प्रभावकारिता बृद्धि गर्न, भन्सार जाँचपासमा एकरूपता कायम गर्न तथा राजस्व संकलनमा वृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ।

भन्सारमा प्रयोगशाला परीक्षण

भन्सार जाँचपासका क्रममा बस्तु पहिचानमा द्विविधा उत्पन्न भएका तथा नियन्त्रित/प्रतिबन्धित बस्तु को पहिचानका निम्ति हाल भन्सार बिभाग र १० वटा भन्सार कार्यालयहरू स्थित प्रयोगशाला शाखाहरूले परीक्षण प्रतिवेदन र प्राविधिक राय उपलब्ध गराइरहेका छन्।

आ. ब. २०८२/८३ मा भन्सार बिभाग स्थित केन्द्रीय प्रयोगशालामा बर्गीकरण तथा पुनरावलोकन प्रयोजन बाहेक ४३९ थान नमूनाहरू परीक्षण गरिएका छन्। उक्त नमूनाहरू मध्ये २८ थान नमूनाहरू घोषणा गरे भन्दा फरक प्रकृतिका पाइएका थिए। साथै, ५३ थान नमूनाहरू नियन्त्रित/प्रतिबन्धित प्रकृतिका र १३ थान नमूनाहरू गुणस्तर/मापदण्ड नपुगेका रहेका थिए।

भन्सार कार्यालयहरू स्थित प्रयोगशालाहरूमा गरिएका ८९२८ थान नमूनाहरू मध्ये ४४३ थान नमूनाहरू फरक घोषणा, ६५ थान नमूनाहरू गुणस्तर/मापदण्ड नपुगेका र ७ थान नमूनाहरू नियन्त्रित/प्रतिबन्धित बस्तुहरू पाइएका थिए।

फोन: ५९१७२२२, ५९१७२२३, ५९१७२२१ E-mail: csd@customs.gov.np Web : www.customs.gov.np